नेपाल सरकार

# सामान्य प्रशासन मन्त्रालय

पत्र संख्याः ०७२।०७३
चलानी नं. 380

मिति- २०७२/१२/०२

विषय- काज फिर्ता सम्वन्धमा ।

प्रिय सहकारीज्यू,

यस मन्त्रालयवाट विभिन्न मितिमा काज फिर्ता तथा तहाँ मन्त्रालय/निकायवाट अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना दिने सम्वन्धमा गरिएका परिपत्रहरु प्राप्त भई व्यहोरा अवगत भएकै छ । अझै पनि केही निकायहरुले काजको अवधि समाप्त भएपछि पनि काज फिर्ता तथा अन्यत्र सरुवा भएका कर्मचारीहरुलाई रमाना नदिएको भन्ने जानकारी हुन आएकोले स्मरणका लागि यस अघि गरिएका परिपत्रहरु यसै साथ संलग्न राखि सो परिपत्रका विषयहरुको तत्काल कार्यान्वयनका लागि यो पत्र पठाएको छु ।

निजामती सेवा ऐन, २०४९ को दफा १८क को उपदफा १,२,२क, २ख र २घ विपरीत कुनै निजामती कर्मचारीलाई काजमा खटाइएमा त्यसरी काजमा खटिएको निजामती कर्मचारीले सो अवधिमा खाइपाई आएको तलब, भत्ता र अन्य सुविधा वापतको रकम काज खटाउने पदाधिकारीवाट सरकारी वाँकी सरह असूलउपर गरी विभागीय कारवाही गरिने प्रावधान आकर्षित हुने भएकोले निजामती सेवा ऐन, २०४९ को प्रावधान विपरित कर्मचारीहरु काजमा राखि हालसम्म पनि फिर्ता नभएको भए अविलम्व दरवन्दी रहेको सम्वन्धित निकायमा काज फिर्ता गरी यस मन्त्रालयलाई जानकारी उपलव्ध गराउनु हुन अनुरोध गर्दछु ।

(टंकमणि शर्मा)
सचिव

श्री सचिवज्यू,
सवै मन्त्रालय/सचिवालय/आयोग ।